नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क १२ | भदौ २०८१ | अगष्ट-सेप्टेम्बर २०२४

## आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति सार्वजनिक

# वित्तीय स्थायित्वप्रति सजग छौं: गभर्नर अधिकारी




नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति सार्वजनिक गरेको छ। बालुवाटारस्थित बैंकको सभाकक्षमा साउन ११ गते आयोजित कार्यक्रममा गभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति सार्वजनिक गर्नुभएको हो। सहज मूल्य र बाह्य क्षेत्रको अवस्थालाई मध्यनजर राखी अर्थतन्त्रलाई गतिशील बनाउन सजगतापूर्ण लचिलो मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको बैंकले जनाएको छ। नीतिमार्फत उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुनेगरी नियामकीय व्यवस्थाहरू तर्जुमा गरिएका छन्।

### नीतिको संरचना, लक्ष्य र उपाय

मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्नेगरी मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गरिने नीतिमा उल्लेख छ। कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य राखिएको छ। भारित औसत अन्तरबैंक दरलाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा यथावत राख्दै स्वचालित र नियममा आधारित खुला बजार कारोबार सञ्चालनमार्फत यसलाई नीतिगत दरकै हाराहारीमा कायम गरिने जनाइएको छ।

आर्थिक वर्ष २०८१/८२ को बजेटमा उल्लेख भएबमोजिम ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्नेगरी तरलता व्यवस्थापन र कर्जा प्रवाहलाई उत्पादनशील क्षेत्रतर्फ उन्मुख गरिनेछ। त्यस निम्ति विस्तृत मुद्राप्रदायको वृद्धिदर १२.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२.५ प्रतिशतसम्म रहने प्रक्षेपण मौद्रिक नीतिले गरेको छ।

ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंकदरलाई ७.० प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दर ५.५ प्रतिशतबाट ५.० प्रतिशत कायम गरिएको छ। ब्याजदर कोरिडरको तल्लो सीमाको रूपमा रहेको ३.० प्रतिशतको निक्षेप सङ्कलन दरलाई भने यथावत् राखिएको छ। बैंकदरमा स्थायी तरलता सुविधा प्रदान हुने व्यवस्थालाई निरन्तरता दिँदै स्थायी तरलता उपलब्ध हुने सर्तहरूलाई लचिलो बनाइने घोषणा नीतिले गरेको छ। बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको छ।

समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी कर्जा प्रवाहलाई सहज बनाउन मौद्रिक नीति र नियामकीय नीतिहरूबीच तादात्म्य कायम गरिएको छ। वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई आन्तरिक उत्पादन क्षमता अभिवृद्धि गर्ने प्राथमिकता नीतिमा राखिएको छ। ठूला कर्जाको अनुगमन, नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउने, कर्जाको अधिकेन्द्रीकरण कम गर्दै लैजाने, साना तथा मझौला उत्पादनशील कर्जालाई प्राथमिकता दिने र कर्जाको गुणस्तर तथा पहुँच अभिवृद्धि गरी वित्तीय स्थायित्व प्रवर्द्धन गरिने नीतिमा उल्लेख छ।

### नियमन तथा सुपरिवेक्षण

बैंक तथा वित्तीय संस्थाका लागि जारी गरिएको Capital Adequacy Framework लाई अन्तर्राष्ट्रिय व्यवस्थामा गरिएको पुनरावलोकनको आधारमा परिमार्जन गरिने नीतिमा उल्लेख छ। मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाउन तथा कर्जाको ब्याजदरमा प्रतिस्पर्धा कायम गर्न विद्यमान आधारदरसम्बन्धी व्यवस्थाका सम्बन्धमा अध्ययन गरिने जनाइएको छ।

निर्माण व्यवसायमा देखिएको शिथिलतालाई दृष्टिगत गर्दै सो क्षेत्रको पुन:स्थापनाका निम्ति विभिन्न नियामकीय व्यवस्था गरिने नीतिमा उल्लेख छ। जसअनुसार निर्माण व्यवसायमा प्रवाह भएको कर्जाको सावाँ/ब्याज भुक्तानीको अवधि २०८१ मङ्सिर मसान्तसम्म थप गर्ने, कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएको आधारमा मात्र

कालोसूचीमा समावेश नगर्ने, नेपाल सरकारले निर्माण कार्यको म्याद नवीकरण गरेमा बैंक तथा वित्तीय संस्थाबाट प्रदान भएको जमानतसमेत नवीकरण हुनसक्ने व्यवस्था मिलाइनेछ ।

बैंक तथा वित्तीय संस्थाको पुँजीकोषमा परेको दवाबलाई दृष्टिगत गर्दै मौद्रिक नीति र समष्टिगत नियामकीय व्यवस्थाहरूबीच थप सामञ्जस्यता ल्याउने उद्देश्यका विभिन्न व्यवस्था गरिने नीतिमा उल्लेख छ। यसका निम्ति पुँजीकोषका उपकरण र नयाँ उपकरण प्रयोगलाई प्रोत्साहन गर्ने, असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गर्ने, कर्जा खरिदबिक्रीका लागि गरिने जोखिम भारसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने, विद्यमान रेगुलेटरी रिटेल पोर्टफोलियोको सीमालाई रु.दुई करोडबाट बढाएर अधिकतम रु.दुई करोड ५० लाख कायम गर्नेलगायतका व्यवस्था बैंकले अघि सारेको छ ।

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुनेगरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्नेगरी विद्यमान कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशनमा पुनरावलोकन गरिने नीतिमा उल्लेख छ ।

विगत दुई वर्षमा अर्थतन्त्रमा देखिएको शिथिलताको अवस्थामा न्यून कर्जा प्रवाहको स्थितिलाई दृष्टिगत गरी विभिन्न नियामकीय व्यवस्था अवलम्बन गरिने उल्लेख छ। यसअन्तर्गत चालु पुँजी कर्जा मार्गदर्शनमा उल्लिखित 'भेरियन्स एनालिसिस' गरी कर्जा समायोजना गर्नुपर्ने व्यवस्था २०८२ साउन १ देखि लागु हुनेगरी समयावधि थप गरिने र लघु, घरेलु, साना एवम् मझौला उद्यमको लागि तोकिएको रु.एक करोडको सीमालाई पुनरावलोकन गरिने जनाइएको छ ।


रु.दुई करोडसम्मको लघु, घरेलु, साना तथा मझौला उद्यम, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा दुई प्रतिशत बिन्दुभन्दा बढी प्रिमियम थपेर ब्याजदर निर्धारण गर्न नपाउने व्यवस्थामा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित क्षेत्रहरू थप गर्नेगरी पुनरावलोकन गरिने मौद्रिक नीतिमा उल्लेख छ। प्राइभेट इक्विटी तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणवश कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा त्यस्तो प्राइभेट इक्विटी र भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने जनाइएको छ ।

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय सम्पत्ति तथा गैर-बैंकिङ सम्पत्ति व्यवस्थापन




गर्न सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने प्रयोजनका लागि सम्पत्ति व्यवस्थापन कानुनको मस्यौदा गरी नेपाल सरकारसमक्ष पेस गरिने नीतिमा उल्लेख छ। डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता (Artificial Intelligence) सम्बन्धमा आवश्यक अध्ययन गरी यसबाट सिर्जना हुनसक्ने जोखिम पहिचानमार्फत जोखिम न्यूनीकरण गरी कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिने बताइएको छ। बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने नीतिमा उल्लेख छ ।

पुँजीबजारमा लगानी गर्ने उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाले मार्जिन प्रकृतिको सेयर धितोमा




प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम रु.२० करोडको सीमालाई खारेज गरिने घोषणा मौद्रिक नीतिमा गरिएको छ ।

कृषि उपजको धितोमा समेत सहज रूपमा कर्जा प्रवाह हुने, नवप्रवर्तनमा प्रवाह गर्न प्रोत्साहन गरिने र वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

लघुवित्त वित्तीय संस्था र तिनका शाखाहरूबीचको मर्जर तथा प्राप्तिलाई प्रोत्साहन गरिने र ती संस्थाको सेवाका गुनासोलाई सम्बोधन गर्दै ग्राहक हित संरक्षणलाई प्राथमिकतामा राखी आवश्यक नियामकीय व्यवस्था गरिने जनाइएको छ। साथै, लघुवित संस्थाले कर्जामा लिने ब्याजदर र सेवा शुल्कसम्बन्धी नियामकीय व्यवस्थामा पुनरावलोकन गरिने नीतिमा उल्लेख छ। सबै लघुवित्त संस्थामा नेपाल वित्तीय क्षेत्र प्रतिवेदनमान (एनएफआरएस) लागु गर्न आवश्यक व्यवस्था गरिने जनाइएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

राहदानीबापत उपलब्ध हुने विदेशी मुद्रा सटही सुविधासम्बन्धी विद्यमान व्यवस्थामा सहजीकरण गरिने, ड्राफ्ट/टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी ५० हजार डलर कायम गरिने नीतिमा उल्लेख छ। नीतिअनुसार, Document Against Payment र Document Against Acceptance को माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिनेछ। सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्थाका सम्बन्धमा अध्ययन गरिने र चाँदी आयातको विद्यमान व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने उल्लेख छ ।

### भुक्तानी प्रणाली

भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाबाट गरिने कारोबारलाई थप पारदर्शी बनाई ती संस्थाको संस्थागत सुशासन अभिवृद्धिका लागि भुक्तानी सेवा प्रदायक संस्थाहरूले नियुक्त गरेका आधिकारिक प्रतिनिधिको कारोबारसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ। केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी अध्ययनका आधारमा 'होलसेल सीबीडीसी'को प्रारूप तयारी कार्य अघि बढाइने, राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पर्ने पूर्वाधार र संस्थागत संरचना तयार पारिने, भुक्तानी, समाशोधन र फर्स्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरू पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था गरिने नीतिमा उल्लेख छ।

### विविध

वित्तीय साक्षरता र ग्राहक हित संरक्षणलाई प्राथमिकता दिँदै कर्जा व्यवस्थापन, ब्याजदर, वित्तीय सेवाको तुलनात्मक विश्लेषण, डिजिटल बैंकिङ, वित्तीय ज्ञान र मनोवृत्तिमार्फत वित्तीय व्यवहारमा परिवर्तनलगायतका विषयलाई समेटेर बैंक तथा वित्तीय संस्थामार्फत वित्तीय सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने नीतिमा उल्लेख छ। आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८०/८१ लाई आधार वर्ष मानेर उपभोक्ता मूल्य सूचकाङ्क र तलब तथा ज्यालादर सूचकाङ्क प्रकाशन गर्न सुरु गरिने जनाइएको छ।

मौद्रिक नीतिको कार्यान्वयनबाट मूल्य तथा बाह्य क्षेत्र स्थिरता र वित्तीय स्थायित्व कायम भई समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन हुने, वित्तीय मध्यस्थता प्रभावकारी हुने, वित्तीय समावेशिकरण बढ्ने, भुक्तानी प्रणाली थप आधुनिक, सुरक्षित र भरपर्दो हुने तथा नेपाल सरकारले लिएको आर्थिक लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मौद्रिक नीति सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा गभर्नर महाप्रसाद अधिकारीले वित्तीय स्थायित्व र समग्र आर्थिक स्थायित्वप्रति सजग रहँदै उक्त नीति ल्याइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामीले सजगताका साथ यो नीति ल्याएका छौँ। वित्तीय स्थायित्व र समग्र आर्थिक स्थायित्वमा असर पर्न नदिने कुरामा हामी सजग छौँ। यसबारे हामी नियमित निगरानी गरिरहनेछौँ।"

बैंकहरूमा देखिएको पुँजीकोषको दवाबलाई सम्बोधन गर्ने गरी नियामकीय व्यवस्थाहरू अवलम्बन गरिएको उहाँले जानकारी दिनुभयो। सञ्चारकर्मीले राखेका जिज्ञासाको जवाफ दिँदै गभर्नर अधिकारीले अर्थतन्त्रका सबै विषयलाई मौद्रिक नीतिबाटै सम्बोधन हुन नसक्ने स्पष्ट पार्नुभयो। "अर्थतन्त्रका सबै विषयलाई मौद्रिक नीतिबाटै सम्बोधन गर्न खोजियो भने त्यसले जोखिम निम्त्याउँछ। मौद्रिक नीतिको मुख्य काम भनेको बजारमा ब्याजदरलाई स्थिरता दिने हो। अन्य नीतिले पनि सँगसँगै काम गर्नुपर्ने हुन्छ" उहाँले भन्नुभयो।

कार्यक्रममा अर्थ मन्त्रालयका तत्कालीन सचिव एवम् बैंक सञ्चालक समितिका सदस्य मधुकुमार मरासिनी, डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, सञ्चालकहरू चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रविन्द्रप्रसाद पाण्डे, बैंकका उच्च अधिकारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, सञ्चारकर्मीलगायतको उपस्थिति थियो। ■

## सञ्चालक डा. घिमिरेद्वारा प्रधानन्यायाधीश श्रेष्ठसमक्ष शपथ



अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसमक्ष नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्यको रूपमा शपथ लिनुभएको छ।

सर्वोच्च अदालतमा साउन १७ गते आयोजित एक कार्यक्रममा प्रधानन्यायाधीश श्रेष्ठले उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १४ मा अर्थ मन्त्रालयका सचिव नेपाल राष्ट्र बैंक सञ्चालक समितिको सदस्य रहने व्यवस्था छ। सोही ऐनको दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाशीश प्रकाशमान सिंह राउत, न्यायाधीश प्रकाशकुमार ढुङ्गाना मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकाल, रजिष्ट्रार विमल पौडेल, सह-रजिष्ट्रारहरू मानबहादुर कार्की, अर्जुनप्रसाद कोइराला र अच्युत कुइँकेल, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटालगायतका अधिकारीहरूको उपस्थिति थियो। ■

# एकीकृत निर्देशन, २०८० मा संशोधन

नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८०' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले साउन १६ र १८ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । गत साउन ११ गते सार्वजनिक भएको मौद्रिक नीतिमा उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्नेगरी एकीकृत निर्देशनमा संशोधन गरिएको जनाइएको छ ।

संशोधित व्यवस्थाअनुसार असल वर्गमा रहेका कर्जाको न्यूनतम कर्जा नोक्सानी व्यवस्था १.२० प्रतिशतबाट १.१० प्रतिशत कायम गरिएको छ । कुनै कर्जा निष्कृय वर्गमा (पुनरसंरचना र पुनरतालिकीकरण बाहेक) वर्गीकरण भएकोमा उक्त कर्जाको भाखा नाघेको बक्यौता रकम भुक्तानी भई किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्र ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी सो अवधिपछि असल वर्गमा स्तरोन्नति हुनेगरी सोहीबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । 'चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९' को बुँदा नं. ७ मा भएको 'भेरियन्स'सम्बन्धी व्यवस्था २०८२ साउन १ गतेदेखि मात्र लागु गरिने निर्देशनमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थाले परिस्थितिवश समस्यामा परेका निर्माण व्यवसायसँग सम्बन्धित कर्जाको २०८१ असार मसान्तसम्म भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज २०८१ मङ्सिर मसान्तसम्म भुक्तानी गर्ने समयावधि थप गर्नुपर्नेछ । यस्तो कर्जाको ब्याजलाई पुँजीकरण गर्न नपाइने तथा पेनाल ब्याज/शुल्क/हर्जाना/ब्याजको ब्याज लिन नपाइने तर छुट पाउने अवधिभित्र कर्जाको साँवा/ब्याज भुक्तानी नगरेमा पूर्वनिर्धारित सर्तबमोजिम सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज लिन भने बाधा पुग्ने छैन । संशोधित व्यवस्थाअनुसार चेक अनादर भएको कारणले मात्र निर्माण व्यवसायी संस्थालाई २०८१ मङ्सिर मसान्तसम्म कालोसूचीमा समावेश गरिने छैन । साथै, स्वदेशी प्राइभेट इक्वीटी भेन्चर क्यापिटल (पीईभीसी) संस्थाको ५० प्रतिशत वा सोभन्दा कम सेयर लगानी रहेको साना तथा मझौला उद्योग कालोसूचीमा परेका कारणले मात्र त्यस्ता पीइभीसी संस्थालाई कालोसूचीमा समावेश नगरिने जनाइएको छ ।

राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइने कर्जाको ब्याजदर (बैंकदर) लाई ७.० बाट ६.५ प्रतिशत कायम गरिएको छ । यसै गरी, स्थायी तरलता सुविधा र नीतिगत (रिपो) दरलाई क्रमश: ६.५ र ५.० प्रतिशत बनाइएको छ भने तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशतमा यथावत राखिएको छ ।

यसै गरी, कर्जा प्रवाह भई स्थापना भएको उद्योग/परियोजना/व्यवसाय परिस्थितिजन्य कारणले सञ्चालनमा नभए तापनि पूर्वनिर्धारित व्यवस्थाबमोजिम कर्जाको साँवाब्याज नियमित रूपमा भुक्तानी भइरहे त्यसमा प्रवाहित कर्जालाई सूक्ष्म निगरानीमा राख्नुपर्ने निर्देशनमा उल्लेख छ । निर्माण व्यवसायीको जमानत दावी भई सिर्जना भएको कर्जाको हकमा उक्त कर्जा आ.व. २०८०/८१ को लागि ९० दिनसम्म असुली नभई खराब वर्गमा वर्गीकरण भइसकेको अवस्थामा त्यस्तो कर्जालाई आ.व. २०८१/८२ मा कर्जाको भाखा नाघेको अवधिको आधारमा वर्गीकरण गरी सोहीबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न बैंकले निर्देशन दिएको छ ।

धितोपत्र बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि विगतमा कायम रहेको रु.२० करोडको सीमा हटाइएको छ । व्यक्तिगततर्फ सोही प्रकृतिको मार्जिन कर्जाको अधिकतम सीमा रु.१५ करोडलाई भने यथावत् राखिएको छ । यसै गरी, ऊर्जा क्षेत्रसँग सम्बन्धित सार्वजनिक संस्थान र पब्लिक लिमिटेड कम्पनीले जारी गरेका ऊर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरेको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाइने व्यवस्था मिलाइएको छ । ■

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/०१/०८१/८२ मिति: २०८१/०४/१६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

# केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी अन्तरक्रिया



भुक्तानी प्रणाली विभागले साउन २४ गते काठमाडौंमा केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी)को का सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर महाप्रसाद अधिकारीले सीबीडीसीको कार्यान्वयनका निम्ति सार्वजनिक निकाय र निजी संस्थाहरूबीच सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सीबीडीसीको कार्यान्वयन एउटा चुनौतीपूर्ण विषय हो । यसका हरेक चरणमा राष्ट्र बैंक र सरोकारवाला पक्षबीच मिलेर अघि बढ्नुपर्ने आवश्यकता छ ।"

सीबीडीसी तयारीका निम्ति संस्थागत संरचना तयार भएको उल्लेख गर्दै गभर्नर अधिकारीले सीबीडीसीका उपादेयताबारे जनचेतना अभिवृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो । सीबीडीसीको कार्यान्वयनपछि विद्युतीय भुक्तानी प्रणाली थप प्रवर्द्धन हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा केन्द्रीय बैंक विद्युतीय मुद्रा महाशाखाका निर्देशक कृष्णराम धुँजुले 'Stakeholder Engagement Program for CBDC Initiatives' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सीबीडीसीको पृष्ठभूमि, अवधारणा, यसको अन्तर्राष्ट्रिय अभ्यास, सीबीडीसीको सैद्धान्तिक विषय, विशेषता, यसका अवसर र चुनौतीबारे चर्चा गर्नुभयो । साथै, उहाँले नेपालमा सीबीडीसीको सान्दर्भिकता, यसको कार्यान्वयनका निम्ति राष्ट्र बैंकले हालसम्म गरेका प्रयास र आगामी कार्यदिशाका विषयमा समेत सहभागीलाई जानकारी दिनुभयो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, सञ्चालकहरू चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डे र विभिन्न विभागका कार्यकारी निर्देशकहरूको समेत उपस्थिति थियो । साथै, मन्त्रालयका अधिकारी, विभिन्न नियामक निकाय, बैंक तथा वित्तीय संस्थासम्बद्ध एसोसिएसन, विश्वविद्यालय, उद्योग वाणिज्य क्षेत्र, भुक्तानी प्रणाली सञ्चालकलगायतका संस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक विनोदराज आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक सुधा श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# महिला उद्यमीसँग वित्तीय साक्षरतासम्बन्धी अन्तरक्रिया



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले साउन २४ गते काठमाडौंमा महिलाद्वारा सञ्चालित व्यवसाय सम्बन्धमा वित्तीय साक्षरताको आवश्यकतासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । महिला उद्यमीहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा महाशाखाका उप-निर्देशक नवीना ढकालले 'महिला उद्यमीका लागि वित्तीय साक्षरताको आवश्यकता' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरताको अवस्था, वित्तीय साक्षरता कार्यक्रमको स्वरूप, वित्तीय साक्षरताका लागि नेपाल राष्ट्र बैंकबाट भएका कार्य, समस्या र चुनौतीलगायतका विषयबारे चर्चा गर्नुभयो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक विनोदराज आचार्यले महिला उद्यमीका लागि वित्तीय साक्षरताको महत्त्वका विषयबारे चर्चा गर्दै वित्तीय साक्षरतासँगै महिलाहरूमा उद्यमशीलतासम्बन्धी क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सनाले महिला उद्यमी कर्जाका विषयमा सहभागीले राखेका जिज्ञासाको सम्बोधन गर्दै वित्तीय साक्षरताका विविध विषयमा चर्चा गर्नुभयो । उहाँले ऋणीले पनि आफ्नो नगद प्रवाहको स्थितिलाई दृष्टिगत गर्दै कर्जा माग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा महाशाखाका निर्देशक किरण पण्डितले अन्तरक्रिया सत्रको संयोजन गर्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो । गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले धन्यवाद ज्ञापन गर्नुभयो । कार्यक्रममा उप-निर्देशक टेकराज भण्डारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# गण्डकी प्रदेशमा पर्यटकको बसाइ र खर्चको प्रवृत्तिसम्बन्धी अन्तरक्रिया

पोखरा कार्यालयले असार ७ गते 'गण्डकी प्रदेशमा भ्रमण गर्ने विदेशी पर्यटकको बसाइ तथा खर्चको प्रवृत्ति' विषयक विशेष अध्ययनको प्रारम्भिक नतिजाका सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाको प्रमुख आतिथ्यमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा गण्डकी प्रदेश वन, वातावरण तथा पर्यटन मन्त्रालय, नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका अधिकारीसँगै, होटल एसोसिएसन अफ नेपाल, ट्रेकिङ एजेन्ट्स एसोसिएसन अफ नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, नेपाल पर्यटन बोर्ड, आर्थिक मामिला मन्त्रालय, उद्योग मन्त्रालय, विश्वविद्यालयका प्रतिनिधिसहित ४५ जनाको सहभागिता थियो।

कार्यक्रममा पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले गण्डकी प्रदेशको आर्थिक तथा वित्तीय स्थिति र सहायक निर्देशक विजया गौतमले विशेष



अध्ययनको प्रारम्भिक नतिजाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा आयोगका उपाध्यक्ष देवकोटाले अध्ययनको विषयवस्तु र नतिजा सान्दर्भिक रहेको उल्लेख गर्दै प्रतिवेदनमा उल्लिखित सुझावलाई कार्यान्वयन गरिने जानकारी दिनुभयो। पर्यटकको बसाइ अवधि लम्ब्याउन पर्यटकीय पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकतामा समेत उहाँले जोड दिनुभयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव कुमानसिंह गुरुङले कार्यालयले गरेको अध्ययनका निम्ति धन्यवाद दिँदै प्रतिवेदनको सुझाव कार्यान्वयनका निम्ति प्रयास गरिने जानकारी दिनुभयो।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका निर्देशक नारायणप्रसाद पोखरेलले तरलता स्थिति, कर्जा विस्तार र ब्याजदरका विविध विषयमा चर्चा गर्नुभयो भने पोखरा कार्यालयका निर्देशक पौडेलले समापन मन्तव्य राख्नुभयो। सो अवसरमा कार्यालयका उप-निर्देशक रन्जना शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक यामबहादुर रानाभाटले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# दैलेखमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

सुर्खेत कार्यालयले असार २० गते दैलेखको नारायण नगरपालिकामा 'वित्तीय चेतना अभिवृद्धि' कार्यक्रम आयोजना गऱ्यो।

कार्यक्रममा स्थानीय नारायण बहुमुखी क्याम्पसका प्रमुख नरबहादुर शाही, दैलेख उद्योग वाणिज्य संघका महासचिव प्रकाश पौडेल र संघका अन्य प्रतिनिधि, वाणिज्य बैंकका शाखा प्रमुख, शिक्षक, स्नातक तहका विद्यार्थीसहित ५६ जनाको सहभागिता थियो। सो अवसरमा सुर्खेत कार्यालयका प्रमुख बाबुराम कोइराला र वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका सहायक निर्देशक धनञ्जय पराजुलीले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रममा वित्तीय सेवाको ज्ञान, सीप, डिजिटल भुक्तानी प्रणाली, वित्तीय प्रणालीका




जोखिमलगायतका विषयमा सहभागीलाई जानकारी दिइएको थियो। सो अवसरमा सहभागी विद्यार्थीलाई समूहमा विभाजन गरी समूहगत प्रस्तुति गराइएको थियो। कार्यालयका सहायक निर्देशक अजितकुमार सीकेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# सिद्धार्थनगरमा समसामयिक विषयमा अन्तरक्रिया



सिद्धार्थनगर कार्यालयले साउन ३० गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख तथा प्रतिनिधिहरूको सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति, मौद्रिक नीतिका उद्देश्य, प्राथमिकता एवम् विभिन्न नीतिगत व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो। सो अवसरमा सहभागीहरूबीच नोट व्यवस्थापनका विविध पक्षबारे छलफल भएको थियो। कार्यक्रममा निर्देशक सुवेदीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै ब्याजदर र कर्जाका सर्तबारे ग्राहकहरूलाई सरल भाषामा जानकारी गराउन निर्देशन दिनुभएको थियो। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विभिन्न विभाग/कार्यालयले २०८१ असार र साउन महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्।

यसै क्रममा सुर्खेत कार्यालयले असार २७ गते 'नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८' का विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक अजितकुमार सीकेले बैंकमा कर्मचारीले पालना गर्नुपर्ने आचरण अनुशासनसम्बन्धी व्यवस्था, बिदालगायतका नीतिगत व्यवस्थाबारे जानकारी दिनुभयो।

पोखरा कार्यालयले साउन १५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा कार्यालयका सहायक निर्देशक विक्रम बुढाथोकीले 'आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति' विषयमा कार्यपत्र प्रस्तुत गर्दै नीतिका विविध पक्षबारे चर्चा गर्नुभयो।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले साउन १७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा विभागका सहायक निर्देशक अस्मिता खनालले नेपाल राष्ट्र बैंकको बजेट निर्माण प्रक्रिया र कार्यान्वयनका विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विनियोजित बजेट र खर्चको तुलनात्मक विवरणसँगै बजेट तर्जुमा र कार्यान्वयनका विविध पक्षबारे चर्चा गर्नुभएको थियो। ■







## Major Financial Indicators

as on Asar End, 2081 (Mid-July, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 100.91 | 10.70 | 2.25 | 113.86 |
| 2 | Total Credit/GDP | 80.09 | 8.79 | 1.75 | 90.63 |
| 3 | Total Credit/ Total Deposit** | 79.37 | 82.18 | 77.52 | 79.60 |
| 4 | CD Ratio* | 78.79 | 82.64 | 76.42 | 79.09 |
| 5 | Fixed Deposit/Total Deposit | 55.20 | 61.42 | 70.21 | 56.08 |
| 6 | Saving Deposit/Total Deposit | 30.44 | 28.97 | 19.81 | 30.09 |
| 7 | Current Deposit/Total Deposit | 6.40 | 1.89 | 1.25 | 5.88 |
| 8 | Call Deposit/Total Deposit | 7.22 | 7.68 | 7.81 | 7.27 |
| 9 | NPL/ Total Loan^ | 3.76 | 3.62 | 9.87 | 3.86 |
| 10 | Total LLP /Total Loan | 4.40 | 3.86 | 9.40 | 4.45 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.03 | 7.74 | 7.27 | 6.22 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.58 | 6.02 | 7.47 | 7.43 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.23 | 15.17 | 17.45 | 17.92 |
| 3 | Total Liquid Assets/Total Deposit | 26.53 | 24.43 | 32.08 | 26.44 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 10.10 | 10.71 | 12.85 | 10.20 |
| 2 | Total Capital/RWA | 12.84 | 13.38 | 14.89 | 12.92 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,056 | 1,135 | 288 | 6,479 |
| 3 | No. of Deposit Accounts | 47,884,755 | 7,118,102 | 892,923 | 55,895,780 |
| 4 | No.of Loan Accounts | 1,567,508 | 282,627 | 43,135 | 1,893,270 |
| 5 | No. of Branchless Banking Centers | 1,112 | 17 | - | 1,129 |
| 6 | No. of Branchless Banking Customers | 299,943 | 1,646 | - | 301,589 |
| 7 | No. of Mobile Banking Customers | 21,141,088 | 3,275,906 | 231,852 | 24,648,846 |
| 8 | No. of Internet Banking Customers | 1,325,072 | 578,387 | 15,863 | 1,919,322 |
| 9 | No. of ATMs | 4,801 | 348 | 44 | 5,193 |
| 10 | No. of Debit Cards | 11,757,746 | 1,076,072 | 59,710 | 12,893,528 |
| 11 | No. of Credit Cards | 287,365 | 1,874 | - | 289,239 |
| 12 | No. of Prepaid Cards | 178,216 | 1,875 | - | 180,091 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **5.77** | | | |
| | (a) Saving | 3.69 | | | |
| | (b) Fixed | 8.15 | | | |
| | (c) Call | 1.60 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **9.93** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asar end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ साउन महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले साउन २१ देखि २४ सम्म भक्तपुरको बोडेमा 'Regulation and Supervision of Microfinance Financial Institutions' विषयक अधिकृत/सहायक स्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा विभिन्न लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, भुक्तानी प्रणाली विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग र आन्तरिक लेखापरीक्षण विभागका ३० जना अधिकृत/सहायकस्तरका कर्मचारीको सहभागिता थियो। १२ वटा सेसनमा सञ्चालित उक्त तालिममा सहभागीलाई लघुवित्तको सैद्धान्तिक दृष्टिकोण, नेपालमा लघुवित्त सेवाको अभ्यास, यसको नियमन, सुपरिवेक्षण र उपलब्धि, लघुवित्त संस्थाको जोखिम व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले साउन २७ देखि ३२ गतेसम्म 'AML/CFT Regime and Supervisory Aspects' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। तालिममा विभिन्न विभाग/कार्यालयका ३५ जना कर्मचारीको सहभागिता थियो।

१७ वटा सेसनमा सञ्चालित उक्त तालिममा सम्पत्ति शुद्धीकरण निवारणको अवधारणा, नियमन र सुपरिवेक्षण, गो-एएमएल प्रणाली, सम्पत्ति शुद्धीकरणका क्षेत्रमा देखिएका नवीनतम चुनौती, नियामकीय संयन्त्र, कानुनी व्यवस्था र यसका कार्यान्वयन चुनौतीलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■



## सहायक विश्वकर्माको निधन

आर्थिक अनुसन्धान विभागमा कार्यरत सहायक कविता विश्वकर्माको गत असार २२ गते असामयिक निधन भएको छ। २०४७ पुस १८ गते जन्मनुभएका विश्वकर्मा २०७५/१०/१८ मा नेपालगञ्ज कार्यालयबाट बैंक सेवा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* विश्वकर्माको निधनप्रति गहिरो दुःख प्रकट गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। ■

## अवकाश

२०८१ साउनमा विभिन्न विभाग/कार्यालयका पाँच जना कर्मचारीले बैंक सेवाबाट अवकाश पाउनुभएको छ। मानव संसाधन व्यवस्थापन विभागका उप-सहायक फणीन्द्रप्रसाद कोइरालाले साउन ७, गभर्नरको कार्यालयका कार्यालय सहयोगी प्रथम केशवबहादुर खत्रीले साउन १३, नेपालगञ्ज कार्यालयका कार्यालय सहयोगी प्रथम सुरजबहादुर गुरुङ साउन १५, भुक्तानी प्रणाली विभागका कार्यालय सहयोगी तृतीय हरिमाया खरेल साउन २० र आर्थिक अनुसन्धान विभागका कार्यालय सहयोगी प्रथम हरिनाथ थपलियाले साउन २४ देखि अवकाश पाउनुभएको हो। उहाँहरूले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल